बैठक संख्या :८ | स्थान राप्ती नगरपालिका

मिति २०७९।०६।०९ | समय: विहान ८:०० बजे

यस राप्ती नगरपालिकाका प्रमुख श्री शमशेर लामाज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहायबमोजिमका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**तपसिल**

| दस्तखत | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| | श्री शमशेर लामा | प्रमुख |
| | श्री देवेन्द्र लामा | नगर उप-प्रमुख |
| | श्री सिद्दिलाल स्याङ्तान | वडा अध्यक्ष वडा नं. १ |
| | श्री श्यामसुन्दर उप्रेती | वडा अध्यक्ष वडा नं. २ |
| | श्री शिवकान्त ओली | वडा अध्यक्ष वडा नं. ३ |
| | श्री केदार प्रसाद आचार्य | वडा अध्यक्ष वडा नं. ४ |
| | श्री सिताराम बल | वडा अध्यक्ष वडा नं. ५ |
| | श्री जल्लु थारु महतो | वडा अध्यक्ष वडा नं. ६ |
| | श्री सुमिता डल्लाकोटी | वडा अध्यक्ष वडा नं. ७ |
| | श्री पुर्ण प्रसाद आचार्य | वडा अध्यक्ष वडा नं. ८ |
| | श्री खड्क बहादुर तमाङ | वडा अध्यक्ष वडा नं. ९ |
| | श्री तेज बहादुर तमाङ | वडा अध्यक्ष वडा नं. १० |
| | श्री बुद्धिबहादुर तमाङ | वडा अध्यक्ष वडा नं. ११ |

| | | |
|---|---|---|
| | श्री अर्जुन प्रजा | वडा अध्यक्ष वडा नं. १२ |
| | श्री अशोक कुमार प्रजा | वडा अध्यक्ष वडा नं. १३ |
| | श्री गोमादेवी धरेल | कार्यपालिका सदस्य |
| | श्री मित्रा कुमारी तितुङ | कार्यपालिका सदस्य |
| | श्री कविता राई | कार्यपालिका सदस्य |
| | श्री रमिता परियार | कार्यपालिका सदस्य |
| | श्री मिना कुमारी अधिकारी | कार्यपालिका सदस्य |
| | श्री आइति देवी दराई | कार्यपालिका सदस्य |
| | श्री रेलबहादुर प्रजा | कार्यपालिका सदस्य |
| | श्री भक्त बहादुर सुनार | कार्यपालिका सदस्य |
| | श्री सुकदेव लम्साल | प्रमुख प्रशासकीय अधिकृत |
| | श्री झलु वि.क. | आमन्त्रित (जिल्ला समन्वय समिति सदस्य) |
| | सारदा देवी शर्मा | अधिकृत छाप सार्ने |
| | टुकनाथ पौडेल | कनिष्ठ निरीक्षक |
| | रमेश चौधरी | क.अ. |

रवीन्द्र प्रसाद पाठक लेखापाल

बैठक संख्या-८

मिति: २०७९।०६।०९

**प्रस्तावहरु**

१. गत बैठकको समिक्षा सम्वन्धमा।

२. नगरपालिका र अन्तर्गतका वडा कार्यालयले सम्पादन गरेको सेवा प्रवाह सम्वन्धमा ।

३. आयुर्वेद औषधीको दररेट सम्बन्धमा ।

४. आर्थिक सहायता सम्बन्धमा ।

५. विपद् व्यवस्थापन सम्वन्धी कार्यविधि सम्वन्धमा ।

६. विविध सम्वन्धमा ।

# आठौ कार्यपालिका बैठकको निर्णयहरु

मिति २०७९।०६।०९
समयः बिहान ८.००बजे
स्थानः नगरपालिकाको सभाहल

**निर्णय नं १**

मिति २०७९।०५।२३ गते बसेको कार्यपालिका बैठकका निर्णयहरुको व्यापक समीक्षा गरियो ।

**निर्णय नं २**

नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयबाट प्रवाह भइरहेको सेवाकोस्तर बारेमा छलफल गरियो । सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरियो । वडा नं १० मा विधुत मिटर चेक गर्ने ३/३ महिनामा मात्र जाने र अधिल्लो २ महिनाको जरिवाना लिने गरेकोले महिनै पिच्छे मिटर रिडिङ्ग गर्ने व्यवस्था मिलाउन नेपाल विधुत प्राविधिकरण भरतपुरलाई अनुरोध गर्ने निर्णय गरियो । वडाबाट र नगरबाट बिनियोजन भएको विमा रकमबाट नागरिकहरुको विमा गर्ने सम्वन्धमा मापदण्ड बनाइ कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

प्रस्ताब साथ पेश हुन आएबमोजिमको आयुर्वेदिक औषधीको दररेट निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ४**

वडाले विनियोजन गरेको बजेटबाट आर्थिक सहायता वितरण गर्दा वडाबाट सिफारिश भइ आएको बजेटमा आगामी बैठकबाट अनुमोदन हुने गरी भुक्तानी दिन नगर कार्यपालिका कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो । निम्न महानुभावहरुलाई निम्न शिर्षकबाट आर्थिक सहायता प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र सं | निवेदक | बजेट मागको कारण | निर्णय भएको रकम | शिर्षक |
|---|---|---|---|---|
| १ | थैगछेन ग्याछोलिङ्ग बौद्द गुम्बा राप्ती ४ | रङ्गरोगन र बत्ती जडान बेयरिङ्गः | २ लाख | सस्कृति प्रवर्धन |
| २ | लर्डबुद्द इन्टनेशनल कन्ष्ट्रक्सन प्रा लि | विपद्मा ठूलो ढुङ्गा र कडा माटो पन्छाइ जोखिममा रहेको डोजर निकाल्ने कार्य वडा नं १२ | ७५ हजार | विपद्बाट |
| ३ | कञ्चनबस्ती टोल विकास संस्था राप्ती ५ | तीज बिशेष कार्यक्रम | ४० हजार | संस्कृति प्रवर्धन |

| | | | | |
|---|---|---|---|---|
| ४ | ग्रेट टिभि प्रालि खैरहनी | सस्कृति जगेर्ना कार्यक्रम | १० हजार | संस्कृतिप्रवर्धन |
| ५ | वातावरण संरक्षण टोल विकास संस्था राप्ती | नकआउट फूटवल | १० हजार | खेलकुदबाट |
| ६ | कृषि हाटबजार राप्ती | राप्ती युथ एण्ड इन्टरटेनमेन्ट | १ लाख | कृषि |
| ७ | सिमरा युवा समाज | | २५ हजार | खेलकुदबाट |
| ८ | नारायण परियार ब्यास ११, नेत्र बहादुर राइ राप्ती ३, रमिता दराइ राप्ती ५,आयुस कँडेल राप्ती ४, शान्ति माया राइ राप्ती ३, झलक राज खरेल राप्ती २, | आर्थिक सहायता | प्रति व्यक्ति रु ५ हजार | आ सा |
| ९ | नेपाल चेपाङ्ग संघ केन्द्रीय कार्यसमिति/ थारु कल्याणकारी सभा | चेपाङ्ग सास्कृतिक भेला/ संस्कृति प्रर्वधन | ५०/५० हजार | संस्कृति |
| १० | रेम्बो समाज नेपाल राप्ती ९ | खेलकुद | ६६ हजार | खेलकुदबाट |
| ११ | डाइमन्ड फिटनेश सेन्टर राप्ती ५ | तीज विशेष कार्यक्रम | २० हजार | संस्कृति |
| १२ | लोकप्रिय युवा क्लब राप्ती १० | फुटबल खेल | २० हजार | खेलकुद |
| १३ | लालिगुँरास युवा क्लब राप्ती ५ | फुटबल खेल | १५ हजार | खेलकुद |
| १४ | किराँत देवास राई उत्थान समाज नेपाल चितवन | कला संस्कृति जागरण | २५ हजार | संस्कृति |
| १५ | विकास पराजुली राप्ती ८ प्रेरणा नेपाल सुधार गृह | आर्थिक सहायता | १० हजार | आर्थिक सहायता |
| १६ | प्रगतिशील नेपाल राष्ट्रिय शिक्षक संगठन | आर्थिक सहायता | १० हजार | |
| १७ | भण्डारा फुटबल क्लब राप्ती ५ | खुला नकआउट प्रतियोगिता | ५० हजार | खेलकुदबाट |
| १८ | पार्वती परियार राप्ती २ | आर्थिक सहायता | १३ हजार | आर्थिक सहायता वडानं २को बजेट |
| १९ | रसौली युवा क्लब राप्ती ९ | खेलकुद | रु ५० हजार | खेलकुदबाट |
| २० | वागदेवी मन्दिर वडा नं ७ | संस्कृति | १ लाख | संस्कृति |
| २१ | च्योमदेनदे ढाच्याम गुम्बा राप्ती ९ | कम्पाउण्ड रङ्गरोगन भूइढलान सम्वन्धी कार्य | २ लाख | संस्कृति |
| २२ | जेष्ठ पत्रकार वीर बहादुर सिंजाली राप्ती ८ | आर्थिक सहायता | ५० हजार | पत्रकारसँग कार्यक्रमबाट |
| 23 | ज्योतिनगर आमा समुह | तिज कार्यक्रम | १५ हजार | संस्कृति |

**निर्णय नं ५**

यस नगरपालिकाको विपद् व्यवस्थापन सम्वन्धी कार्यविधि २०७९ सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

**विविध**

क फोहरमैला व्यवस्थापनका लागि गत आ ब २०७८।७९ मा जति रकम खर्च भएको थियो त्यही रकमको सीमाभित्र रही फोहरमैला व्यवस्थापनको ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

ख भरतपुरस्थित नारायणी नदि नियन्त्रण आयोजनाले भरतपुर वडा नं २६ मा नारायणी नदीले कटान गरी बस्ती बगाउने सम्भावना बढ्दै गएकाले यस नगरपालिकाका विभिन्न क्षेत्रहरुमा रहेको विग वोल्डर(ठूलो ढूङ्गा) रहेकोले नियमानुसारको शुल्क तिरि उपलब्ध गराइपाउँ भनी निवेदन गरेकामा यस नगरपालिकाको वडा नं १ मा पनि वाढीले कटान गर्ने समस्या रहेको र सो स्थानमा पनि नारायणी नदी को कार्य सम्पन्न पछि विग बोल्डर राख्ने शर्तमा यस नगरपालिकाको लोथर खोला र वडा नं १०, ११ एवं अन्य वडा विभिन्न निजी तथा सार्वजनिक स्थानमा रहेका विग बोल्डरहरु स्थानीय विपद व्यवस्थापन समितिको निर्णयका आधारमा उपलब्ध गराउने निर्णय गरियो ।

ग

डिभिजन बन कार्यालय भरतपुर अन्तरगतको सब डिभिजन कार्यालयको यस नगरपालिकाको वडा नं ५ को दुधपोखरी भन्ने स्थानमा स्थापना हुन लागेको र उक्त स्थानमा जमिनको सतह पुर्ने कार्यमा सहयोग पुर्याइदिनका लागि अनुरोध भइ आएकोले आवश्यक वजेटको व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

घ

आफ्नो नाममा जमिन नभएका विपन्न सुकुम्बासीहरुको लागि एकीकृत वस्ती विकास गर्ने वडा नं ५ को जुवाखोलासँगै रहेको सार्वजनिक जमिनमा घर निर्माण गर्ने र सो कार्यका लागि टेण्डर प्रक्रिया अघि बढाउने सर्वसम्मत निर्णय गरियो ।

ङ राप्ती नगरपालिकाले निर्माण गरेका कानूनहरु संघीय कानून र प्रदेश कानूनसँग बाझिए नबाझिएको अध्ययन गरी बाझिएका कानूनहरु विधायन समितिले संशोधनका लागि पेश गर्ने निर्णय गरियो ।

च राप्ती नगरपालिकाका निम्न योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

| क्र सं | साविक योजनाको नाम | संशोधित नाम | वडा नं | बजेट रु |
|---|---|---|---|---|
| १ | पञ्चकन्या टोल सुनखानी डाँडा पिच | पञ्चकन्या टोल सुनखानी डाँडा ढलान | ३ | ४ लाख |
| २ | ब्रहमस्थानी मार्ग पिच | ब्रहमस्थानी मार्ग ढलान | ३ | ९ लाख |

| | | | | |
|---|---|---|---|---|
| ३ | मिलन मार्ग कालोपत्रे | मिलन मार्ग ढलान | ४ | १५ लाख |

छ देहाय बमोजिमको बिषयगत समिति गठन गर्ने निर्णय गरियो ।

**१. आर्थिक विकास समिति**

संयोजक - पूर्ण प्रसाद आचार्य ८

सदस्य- रमिता परियार ४

सदस्य- कविता राइ ३

सदस्य- गोमादेवी धरेल ५

सदस्य- अशोक जिम्बा १२

**२. पूर्वाधार विकास समिति**

संयोजक - जल्लु महतो थारु ८

सदस्य- शान्ति तामाङ्ग

सदस्य- चुडामणी बर्तौला

सदस्य- एकबहादुर लगुन

सदस्य- सुब्बा तामाङ्ग

**३. सामाजिक विकास समिति**

संयोजक - अर्जुन प्रजा

सदस्य- सिद्दी लाल स्याङ्गतान

सदस्य- बुद्दी बहादुर तामाङ्ग

सदस्य- शान्ति तामाङ्ग

सदस्य- अशोक प्रजा

**४. वातावरण तथा विपद् व्यवस्थापन समिति**

संयोजक - सुमिता डल्लाकोटी

सदस्य - ग्रेस तामाङ्ग

सदस्य - रेल बहादुर प्रजा

सदस्य - सरिना राई विशुंके

सदस्य - मञ्जुकुमारी थापामगर

**५. सार्वजनिक सेवा तथा क्षमता विकास समिति**

संयोजक - सीताराम बल

सदस्य - रमेश श्रेष्ठ

सदस्य - भक्त बहादुर कुँवर

सदस्य - ममिता कुँवर

सदस्य - मानबहादुर चेपाङ्ग

**६.विधेयक समिति**

संयोजक - तेजबहादुर तामाङ्ग

सदस्य- मरिचमान तामाङ्ग

सदस्य - मञ्जुकुमारी थापामगर

सदस्य - सुन्तली माया विक

सदस्य - रामकुमार सुवेदी

**ञ.**

यस नगरपालिकामा साविकदेखी NIC ASIA बैकले बैकिंङ्ग सेवा उपलब्ध गराउदै आएकोमा विभिन्न वडाबाट बैकले उपलब्ध गराउदै आएको सेवा प्रभावकारी नभएको र जेष्ठ नागरिक मैत्री एवं सेवाग्राही मैत्री नभएकोले पटक पटक सुधार गर्न अनुरोध गरिएता पनि गुनासो सुनुवाई नभएकोले उक्त बैक परिवर्तन गरी बैकल्पिक बैकमार्फत सेवा लिन उपयुक्त देखिएकोले अन्य बैक मार्फत सेवा उपलब्ध गराइदिन नेपाल राष्ट्र बैकलाई अनुरोध गर्ने निर्णय गरियो ।